# मौरी प्रवर्द्धन नीति –२०७३

## १.पृष्ठभूमि

आदिमकाल देखि नेपालमा स्थानीय एपिस फ्लोरिया, एपिस डोर्साटा, एपिस लेबोरियोसा, एपिस सेराना जातका मह उत्पादक मौरीहरुको बासस्थान रहि आएको छ । मौरी प्रकृत्तिको अनुपम वरदान हो । यसले प्रकृति दोहन गरी सुपाच्य खाद्यवस्तुको रुपमा मौरीजन्य वस्तु उत्पादन गर्दछ । मौरीबाट मानिसहरुले मह, कुट, शाहीखुराक, प्रपोलिस, मौरी विष प्राप्त गर्न सकिन्छ । मौरी सुसभ्य सामाजिक जीवनशैलीको एक अनुकरणीय प्रतिक बनेको छ । मौरीले परागसेचन सेवाबाट खेतीबालीको उत्पादकत्व र जैविक विविधताको संवर्द्धनमा पनि अहम् भूमिका निभाउँछ । केही दशक यता विदेशबाट ल्याईएको यूरोपेली मौरी एपिस मेलिफेराको व्यावसायिक पालन गरिदै आएको छ । यहाँ जैविक विविधताको सुनिश्चितताको लागि तथा परासेचित बालीहरुमा उत्पादकत्व वृद्धि गराउन मौरीको योगदन अपरिहार्य रहेतापनि परागसेचनको लागि अति महत्वपूर्ण मानिएका स्थानीय जंगली मौरीहरुको घट्दो संख्या र घरपाला एपिस सेरानाको र एपिस मेलिफेराको कमजोर गोला व्यवस्थापनका कारण दिनानुदिन पर्यावरणीय सेवा (परागसेचन) र मह उत्पादन दुवैमा नकारात्मक प्रभाव पर्न थालेको छ । यसको लागि नीतिगत ब्यवस्था गरि मह उत्पादनमा बृद्धि र पर्यावरणीय सेवामा अभिबृद्धि गर्न मौरीको विकास तथा प्रवर्द्धन गर्नु आजको आवश्यकता रहिआएको छ । यसै अनुरुप मौरीपालन व्यवसायलाई दिशानिर्देश गर्न राष्ट्रिय कृषि नीति २०६१, कृषि ब्यवसाय प्रवर्द्धन नीति २०६८, कृषि जैविक विविधता नीति २०७० र कृषि बिकास रणनीति २०७२ लाई समेत आधार वनाई मौरी प्रवर्द्धन नीति २०७३ लागु गरिएको छ ।

## २. विगतका प्रयासहरु

सस्थागत विकास क्रमलाइ हेर्दा नेपालमा आर्थिक वर्ष २०२२/०२३ देखि कृषि विभागबाट सामान्य सेवा टेवा प्रदान गर्दै वि.सं. २०२९ सालबाट आयोजना स्तरमा मौरीपालनको आधुनिकीकरण प्रारम्भ भएको हो । क्रमश प्रत्येक वर्षको वार्षिक कार्यक्रम र बजेटमा मौरीपालन कार्यक्रमको बिस्तार गरिदै आएको छ । नेपालमा सर्वप्रथम वि.सं. २०४० मा मौरीपालन विकास शाखा, गोदावरीको विधिवत स्थापना भयो । सो कार्यक्रमलाई थप बिस्तार गर्न नेदरल्याण्ड सरकारको सहयोगमा वि.सं.२०४४ देखि २०५० सम्म मौरीपालन तालिम तथा प्रसार सेवा आयोजना लागु भई मौरी सम्बन्धी चेतना अभिवृद्धि गरेको हो । मौरी सम्बन्धी कार्यक्रमहरु मौरीपालन विकास शाखा, गोदावरी, मौरीपालन विकास कार्यालय, भण्डारा चितवन (तत्कालीन मौरीपालन केन्द्र गोकर्ण) र ७५ वटा जिल्ला कृषि विकास कार्यालयहरुवाट मौरीपालन सेवा विस्तार भईरहेको छ ।

## ३. वर्तमान स्थिति

नेपालमा ब्यवसायिक रुपमा वजारमुखि तवरवाट मौरीपालनको ब्यापकता नभएपनि शुरुवात भने भएको अवस्था छ । केहि वर्षयता आधुनिक मौरीपलन प्रबिधि भित्रिएपनि ग्रामिण स्तरमा अझै त्यस्तो

प्रबिधिको विस्तार गर्न बाँकि छ । सरकारी  निकायहरुले मौरी व्यवसाय प्रवर्द्धनको लागि आर्थिक वर्ष २०७०/०७१ देखि युवा लक्षित मौरीपालन कार्यक्रम संचालन गर्दै आएका छन् । व्यावसायिक कीट विकास निर्देशनालयको पछिल्लो आँकलन (२०७१/७२) अनुसार नेपालमा २१३२०० मौरीगोला रहेको र यी मध्ये करिब ३५००० एपिस मेलिफेरा र १७७२०० एपिस सेराना रहेको अनुमान छ । यसबाट नेपालमा हाल वर्षेनी २०५० मे.ट. मह उत्पादन भई आयात प्रतिस्थापन भई निर्यातको सम्भावना रहेको स्थिति छ (व्यावसायिक कीट विकास निर्देशनालय, २०७१।०७२) ।स्पष्ट नीति र पर्याप्त आर्थिक, प्राविधिक एवं नैतिक समर्थन सहितको उच्च प्राथमिकता प्राप्त भएमा बिद्यमान प्राकृतिक भौगोलिक र वानस्पतिक विविधताहरुको सदुपयोग गरेर नेपालमा (सेराना ५ लाख र मेलिफेरा ५ लाख) दश लाखसम्म मौरीगोला पाल्न र (सेराना ५ लाख × १० के.जी का दरले ५ हजार मे.टन र मेलिफेरा ५ लाख × ४० के.जी.का दरले २० हजार मे.ट) २५ हजार मे.टन सम्म मह उत्पादन गर्न सकिने संभावना रहेको छ । चरन क्षेत्रको विकास र विस्तार एवं सुदृढिकरण गरेमा थप मौरी गोला विस्तार गरि सोही अनुसार मह उत्पादनमा बृद्धि गर्न सकिन्छ ।

## ४. समस्या र चुनौती

नेपालका मह र मैन लगायत अन्य मौरीजन्य उपजहरु उत्पादन र उत्पादकत्वको प्रशस्त सम्भावना भएर पनि अपेक्षितरुपमा यसको प्रवर्द्धन गर्न सकिएको छैन । महको आन्तरिक आवस्यकतालाई पुरा गरि गुणस्तरीय मह निर्यात गर्नु चुनौतिको रुपमा देखिएको छ । नेपालले महको निर्यात व्यापार बिस्तार गर्न विश्व ब्यापार संगठन (WTO) लगायत यूरोपियन यूनियनका सम्बद्ध राष्ट्रहरुको मह सम्बन्धी गुणस्तर मापदण्ड र बिषादि तथा अवशेष अनुगमन योजना र राष्ट्रिय नीति तथा आचारसंहिताको स्पष्ट एवं किटानीव्यवस्था गरी महको गुणस्तर कायम गर्न तथा मौरीजन्य उपजहरुको बजारको सवलीकरण गर्न आवश्यकता छ । मौरी चरनमा कमी, बन क्षेत्रसग सस्थागत साझेदारी प्रयास नहुनुले चरन क्षेत्रको विकास र विस्तार नहुनुका साथै यातायातको कठिनाईका कारण भैरहेको प्राकृतिक चरनको पनि पूर्ण उपयोग हुन सकीएको छैन ।

## ५. नयाँ नीतिको आवश्यकता

कृषि व्यवसाय सम्बन्धी बिभिन्न मितिमा जारी भएका बिभिन्न ऐन नियम तथा नीतिहरुले मौरीपालन प्रवर्द्धन र त्यसको आर्थिक पक्षलाई सामान्य रुपमा सम्बोधन गरेता पनि स्पष्ट नीतिको अभावमा अपेक्षितरुपमा उपलब्धि हाँसिल गर्न सकिएको छैन ।नेपालको मौरीपालनलाई प्रतिस्पर्धात्मक व्यवसायको रुपमा रुपान्तरण गरी अतिरिक्त आयआर्जनको माध्यम बनाएर गरिबी न्यूनीकरणमा टेवा पु-याउने तथा व्यावसायिक मौरीपालन र स्थानीय प्रजातिका मौरीहरुको संरक्षण गरी पर्यावरणीय सेवा (परागसेचन) प्रवर्द्धन गरी जैविक विविधता संवर्द्धन गर्ने परिदृश्यको  परिकल्पना गरिएको छ ।

## ६. लक्ष

नेपालमा मौरीपालनलाई एउटा प्रतिस्पर्धात्मक र व्यावसायको रुपमा विकास गर्दै रोजगारिको अवसर सृजन गरि, महको आयात प्रतिस्थापन र निर्यात प्रर्वद्धन गर्ने यस नीतिको लक्ष रहेको छ ।

## ७. उद्देश्यहरु

७.१ मौरी चरनको सुधार, सुदृढीकरण र समुचित प्रयोग, गोला व्यवस्थापन, आवश्यक पूँजी, पूर्वाधार, प्राविधिक ज्ञान र शीपमा सबै मौरीपालकहरुको पहुँचमा अभिवृद्धि गर्ने साथै उपजहरुको विविधीकरण गर्ने ।

७.२ मौरीजन्य उपजहरुको उत्पादन/उत्पादकत्व बढाउने, लागत घटाउने, गुणस्तर सुधार गर्ने, मौरीजन्य उपजहरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्ने तथा व्यापार सन्तुलन गर्ने ।

७.३ रैथाने र स्थानीय मौरीहरुको संरक्षण संवर्द्धन गर्ने र मौरी गोलाहरुको संख्यात्मक वृद्धि गरी परागसेचन सेवाको अभिवृद्धि गर्ने ।

७.४ मौरीपालन पेशामा परम्परागत मह शिकारी, आर्थिक तथा सामाजिक रुपले पिछडिएका वर्गहरुलाई मूल प्रवाहीकरण गरि गरीबि न्यूनीकरणमा सहयोग पु-याउने ।

## ८. मौरी प्रवर्द्धन नीतिहरु

उल्लेखित उद्देश्यहरु संवोधन गर्न देहाय बमोजिम मौरी प्रवर्द्धन नीति र कार्यनीति निर्माण गरिएको छ

**उद्देश्य ७.१ सँग संम्वन्धित नीति र कार्यनीति**

### ८.१. प्रजातिगत व्यवस्थापन

८.१.१ एपिस मेलिफेरा प्रजातीय छनोट गर्दै तराई , भित्री मधेश तथा सम्भाव्य पहाडी क्षेत्रमा र एपिस सेराना सेरेना को संरक्षण र प्रजातीय सुधार गरी उच्च पहाडी तथा पर्वतीय क्षेत्रमा बिस्तार गरिने छ

८.१.२ चरनको उपलब्धता यातायातको सुविधा तथा भारवहन क्षमता (Carrying capacity)का आधारमा एपिस मेलिफेरा वा एपिस सेरानालाई सबै ठाउँ (तराई, पहाड, उच्च क्षेत्र) का चरनमा पूर्ण सदुपयोग हुने गरी स्थानान्तरण गरी अधिकतम उत्पादन लिईनेछ

८.१.३ उच्च पर्वतीय क्षेत्रमा पाईने एपिस सेरेना सेराना उपजाति (Sub-species) को संवर्द्धन प्रवर्द्धन गर्न तिनीहरुको प्रजनन् केन्द्र स्थापना गरी अन्य क्षेत्रहरुमा प्रसारण गरिने छ

८.१.४ उच्च पहाडी क्षेत्रमा क्रमश एपिस लेवोरियोसा, तराई र भित्री मधेशमा एपिस डोर्साटा र कछाड र भित्री मधेश क्षेत्रमा एपिस फ्लोरिया जस्ता स्थानीय जंगली मौरीहरुको संरक्षण र संवर्द्धन गरी परसेचित बाली तथा वन्य वनस्पतिहरुको जैविक विविधता वृद्धि गर्ने ।

८.१.५ नेपालमा उत्पादन तथा विकास गर्न नसकिएका नयाँ प्रजातीका गोला, रानु तथा प्याकेज मौरी आयात गर्नु अघि प्राविधिक, आर्थिक तथा पारिस्थितिक प्रभाव र परिणामहरुको अध्ययन र विश्लेषण गरिने छ ।

## ८.२. मौरी चरन सुदृढिकरण र व्यवस्थापन

८.२.१ मौरी चरन क्षेत्रको सर्भेक्षण गरि पात्रो बनाई त्यसको आधारमा चरन क्षेत्रको (कृषि तथ बन) भौगोलिक नक्सा तयार गर्ने तथा चरन क्षेत्र तोकिने छ ।

८.२.२ चरन क्षेत्रको भारवहन क्षमताका आधारमा चरन उपलब्ध गराउन आचारसंहिता लागु गरिने छ ।

८.२.३ कृषि–वन खेती, वन वृक्षारोपण, पार्क र राष्ट्रिय प्राकृतिक संरक्षण क्षेत्रहरुमा गरिने वृक्षारोपण कार्यक्रमहरुमा कम्तिमा २५ प्रतिशत मौरी चरन वनस्पति समावेश गर्ने व्यवस्था मिलाइने छ ।

८.२.४ मौरी चरन मौरीपालनको आधार भएकोले सबै मौरीपालकहरुले आफ्नो सेरोफेरोमा उत्कृष्ट मौरी चरन हुने वनस्पति लगाउन प्रोत्साहन गरिने छ ।।

८.२.५ मौरी आकर्षण हुने बोट बिरुवाहरुको फूल फुल्न लागेका तथा फुलिरहेको अवस्थामा छँटनी कटानी नगर्नको लागि सम्वद्ध सरकारी गैर–सरकारी एवं स्थानीय सामुदायिक संस्थाहरुमा चेतना अभिबृद्धि गराईने छ ।

८.२.६ कृषि क्षेत्रको बालीहरुको चरनमा मौरी चराउन रोकतोक गर्न नहुने, बाली पूर्णरुपमा फूल फुलेको बेला विषादी प्रयोग लाई निरुत्साहीत गर्न जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ । यस्तो वेलामा विषादीको प्रयोग गर्नु पर्ने भएमा प्राविधीकहरुको अनिवार्य रुपमा सिफारीस लिनु पर्ने व्यवस्था गरिने छ ।

८.२.७ च्यूरी, मौवा लगायत मौरी मैत्री बनस्पती हुर्काउने व्यक्ति/संस्थालाई अनुदान दिने व्यवस्था गरिने छ ।

८.२.८ भारवहन क्षमता र आचार सँहिताको आधारमा बन क्षेत्र (सामुदायिक बन, निजी बन र राष्ट्रिय निकुञ्ज) हरुमा सहज रुपमा मौरी चरि चरन गर्न गराउन पाउने व्यवस्था गरिने छ ।

८.२.९ बन क्षेत्रसंग जोडिएका गा.वि.सहरुमा बसोबास गर्दै आएका स्थानिय बासिन्दा, कृषि उद्यमी वा बन उपभोक्ताहरुद्धारा मौरीपालन गर्नमा सहयोग पुर्याई दिगो विकासको पहल गरिने छ ।

## ८.३. मौरी स्थानान्तरण ब्यवस्थापन

८.३.१ मौरी स्थानान्तरणलाई मौरीपालन विकास कार्यालय, जिल्ला कृषि विकास कार्यालय, स्थानीय मौरीपालक कृषक समुह र उद्यमीहरु र अन्य सरोकारवालाको संयुक्त समितिबाट चरन पात्रोको आधारमा संयोजन गराइने छ ।

८.३.२ मौरीपालक सञ्जाल, संघ, सहकारी तथा ब्यवसायिक मौरीपालकहरुलाई नै नयाँ नयाँ चरन स्थलको खोजी गर्न उत्प्रेरित गरी सम्भाव्य क्षेत्रमा नेपालको कुनै पनि क्षेत्रमा चराउन लान पाउने व्यवस्था गरिने छ ।

८.३.३ पहाडी भेकको चिउरी लगायत प्रशस्त चरन भएका क्षेत्रमा स्थानान्तरण पहुँच विकास गर्न सम्वद्ध निकायहरुमा पहल गरिने छ ।

८.३.४ स्थानान्तरणको क्रममा रहेका मौरीलाई एम्बुलेन्स जस्तै अत्यावस्यक सेवा सरह विना रोकतोक लैजान सक्ने व्यवस्था गराईने छ ।

## ८.४.मौरी रोगव्याधी व्यवस्थापन

८.४.१ रोग संक्रमित मौरी तथा मौरीजन्य उपकरणहरुको आयात एवं आन्तरिक वसार पसार गर्न रोक लगाईने छ ।

८.४.२ मौरीको गोलामा प्रतिवन्धीत प्रतिजैविक, गन्धक र सूर्तिजन्य पदार्थ साथै अवशेष रहने जोखिम भएका रसायनको प्रयोग निषेध गरिने छ ।

८.४.३ प्रमुख उत्पादन क्षेत्रका मौरीपालकहरुको सरल पहुँचभित्र मौरी रोग पहिचान, परीक्षण तथा निदान सुविधा विकास गरिने छ ।

८.४.४ रोगको रोकथाम तथा नियन्त्रणमा प्रतिजैविकी न्यूनतम प्रयोग गराउने र प्रतिजैविक प्रयोग गरेको ६हप्तासम्म मह काढ्न नहुने सचेतना बिकासगरिने छ ।

८.४.५ मौरीका रोगव्याध व्यवस्थापनमा प्रयोग हुने कम जोखिमी औषधिको आयातमा भन्सार महशुल छुट गरिने छ ।

८.४.६ मह परिक्षण प्रयोगशालालाई अन्तराष्ट्रीय मापदण्ड अनुसार प्रवर्द्धन र ब्यवस्थापन गरिने छ ।

## ८.५. मह शिकार व्यवस्थापन एवं बासस्थानको संरक्षण

८.५.१ मह शिकारीहरुलाई व्यवस्थित गरी एपी टुरीजमको विकास गर्दै अन्य प्राकृतिक मौरीहरुको बासस्थानको समेत सरक्षण गरीने छ ।

८.५.२ ठूलठूला पूर्वाधार विकासको क्रममा गरिने वातावरणीय प्रभाव मूल्यांकन अध्ययनमा मौरीको बासस्थान आश्रयस्थल र तिनको स्थानान्तर समेत सम्बोधन गर्नुपर्ने व्यवस्था गरिने छ ।

८.५.३ मह शिकारी वर्गलाई महशिकारको परम्परागत बिधिलाई सांस्कृतिक महत्वको रुपमा जगेर्ना गर्ने र सुरक्षित र ब्यवस्थित तरिकाले मह काढ्ने विधी अपनाउन विशेष तवरले प्रशिक्षित र प्रोत्साहित गरिने छ ।

८.५.४ जंगली मौरीहरुको संरक्षणका कार्यक्रमहरु सरोकारवाला निकायहरुसँगको सहकार्यमा सञ्चालन गरिने छ ।

### ८.६.मह उत्पादन तथा बजार व्यवस्थापन

८.६.१ मह उत्पादन, बिकासमा असल मौरीपालन अभ्यास (Good Beekeeping Practices) अवलम्बन गर्न प्रोत्साहीत गरीने छ ।

८.६.२ प्रमुख उत्पादन क्षेत्रको सरल पहुँचभित्र सरकारी, सहकारी, नीजि क्षेत्र र मह संकलकहरुलाई कम से कम महको प्रारम्भिक भौतिक अवस्था र चिसान परीक्षण गर्ने सुविधा उपलब्ध गराउन सहयोग पुर्याईने छ ।

८.६.३ मह उत्पादन, संकलन, प्रशोधन, वसार पसार एवं भण्डारण गर्ने उद्यमिहरुले प्रत्येक चरणमा स्रोत सुचक विवरणहरु सुरक्षित राख्ने र खाद्य मापदण्ड अनुसारका औजार, उपकरण, भाँडा, वर्तनको प्रयोग गरी गुणस्तर कायम गर्न प्रोत्साहन गरिने छ ।

८.६.४ विभिन्न प्रकारका महको उत्पादन, तथा बजारीकरणकोलागि बजारको सम्भावयता अध्ययन गरी बजारलाई सुनिश्चित र सुदृढिकरण गरीने छ ।

८.६.५ पम्परागत उत्पादनका अतिरिक्त पर्याप्त पूर्वाधार सम्पन्न मौरीपालक कृषक, सञ्जाल, समुह तथा उद्यमी व्यवसायीहरुलाई मौरी मैन, चोप (Propolis), कुट, शाहीखुराक (Royal Jelly) विशेष प्रकारको मह उत्पादन चाका, क्रीष्टल, एकल स्रोतको मह आदि विशिष्ट सामग्री उत्पादनका लागि प्रोत्साहित गर्न तालिमका अवशरहरु प्रदान गरिने छ ।नेपालमा उत्पादित मह र मौरीजन्य उपजहरुको विविधीकरणको विषयमा प्रचार प्रसारको ब्यवस्था गरिने छ

८.६.६ महको भौगोलिक र बनस्पतिक श्रोत मौरीको प्रजाती र मह काढेको विधिका आधारमा महलाई लेवलिङ्ग गर्न प्रोत्साहन गरिने छ ।

८.६.७ मह सकंलन , भण्डारण तथा प्रशोधनस्थल र विक्री प्रवर्द्धन लागी भौतिक पूर्वाधार विकासमा निजीक्षेत्रसग सहकार्य गरिने छ ।

८.६.८ महको आन्तरीक खपत प्रवर्द्धन गर्न आयुर्वेदिक उद्योग, राशन व्यवस्था गर्ने ठुला सरकारी निकाय, अस्पताल, विद्यालय, होटलसग कारोवार गर्ने मह उत्पादक तथा व्यवसायिहरुलाई विशेष सहयोग गरिने छ ।

### ८.७. प्रोत्साहन र अनुदान

८.७.१ तुलनात्मक लाभका आधारमा मौरीपालनको विकास र विस्तारमा सघनता र तिव्रता ल्याउन विद्यमान अनुदानको स्तर वृद्धि गरिने छ ।

८.७.२ रानी उत्पादन, बैकिङ्ग र आपूर्ति गर्न चाहने क्षमतावान उत्साहि उद्यमीहरुलाई रानी व्यवस्थापन सामग्री आयात गर्न र व्यवसाय स्थापना गर्न बिशेष अनुदान सहित प्रोत्साहित गरिने छ ।

८.७.३ नीजि क्षेत्रका मौरीपालन सम्बन्धी सञ्जाल, सहकारी ,समुह तथा उद्यमीहरुलाई मह संकलन भण्डारण, मह प्रशोधन एकाइ, प्राथमिक रोग निदान सुविधाको विकास एवं एपिस सेराना, एपिस सेरेना सेरेना र एपिस मेलीफेराको गोला छनौट तथा नश्ल सुधारका लागि विशेष तवरले प्रोत्साहित अनुदानको व्यवस्था गरिनेछ ।

८.७.४ मौरीजन्य व्यवसाय जस्तै घार र उपकरण निर्माण, आधारचाका निर्माण, मह वा मौरी उपजको संकलन, प्रशोधन आदिमा निश्चित प्रतिशत वा तोकिएको रकम अनुदान दिने व्यवस्था गरिने छ

८.७.५ मौरीपालन व्यवसायको मूल्य श्रृङ्खलाको आधारमा व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी छुट्टा छुट्टै तहमा अनुदान दिने व्यवस्था गरिने छ । एकै व्यक्ति वा समुहले दोहोरो अनुदान लिने परिपाटीको अन्त्य गर्नका लागि कुनै पनि गैर सरकारी स्वदेशी वा विदेशी संघ सँस्थाहरुले पनि कुनै स्थान विशेषका व्यवसायिहरुलाई अनुदान दिने खालका कार्यक्रमहरु सञ्चालन गर्न चाहेमा नेपाल सरकारको मौरीपालन सम्बन्धी काम गर्ने सरकारी निकायको स्वीकृति र समन्वय गरेर मात्र अनुदान दिने व्यवस्थालई कडाईका साथ लागु गरिने छ ।

८.७.६ मौरीपालक कृषकहरुबाट विभिन्न कृषि वालीहरुमा परागसेचनबाट पु-याएको योगदनाको उच्च मूल्यांकन गर्दे सो बापतको अनुदान दिने व्यवस्था मिलाईने छ ।

८.७.७ प्रतिफलमा आधारीत अनुदान प्रणालीको विकास गरिने छ ।

## ८.८.मौरीपालनमा कर्जा

८.८.१ कृषि विकास बैंक, वाणिज्य बैंकहरु तथा अन्य वित्तीय सस्थाहरु मार्फत मौरीपालनमा लगानी गर्न व्यवस्था गरिने छ ।

८.८.२ महिला, दलित एवं पिछडिएका समुदायलाई समूह जमानी तथा धितोमा ऋण प्रदान गर्न पहल गरिने छ ।

८.८.३ प्रमुख उत्पादन क्षेत्रहरु (Growth centers) मा मौरी पालक कृषक, कृष सञ्जाल र नीजि मह कारोवारी, एवं श्रोतकेन्द्रहरुलाई अन्तरिम मह भण्डारण संचालन गर्न सस्तो सरल ऋण सुविधा प्रदान गरिने छ ।

## ८.९. विमा नीति प्रवर्द्धन

मौरीपालन व्यवसाय र मह कारोवार एवं स्थानान्तरण र वसार पसारमा रहेका मौरी तथा मह समेतमा जोखिमहरुबाट जोगाउन कम्पनीबाट बीमा नीति विकास, विस्तार र अवलम्बन गरिने छ ।

## ८.१०.करछुट नीति

८.१०.१ व्यावयिक मौरी पालनका लागि कर छुटका व्यवस्थाहरु कर सम्बन्धित कानुनमा उल्लेख भए बमाजिम हुनेछ ।

## ८.११. मौरीपालन अनुसन्धानको ब्यवस्था

८.११.१ मौरीपालनका विभिन्न पक्षहरुमा आवश्यक अनुसन्धानका लागि नेपाल कृषि अनुसन्धान परिषद, कृषि बन विश्व विद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि विभाग र

सम्वद्ध कार्यक्रमहरु तथा कार्यालयहरु, सम्वद्ध अन्य निकायलाई क्रियाशील तुल्याईने छ ।

८.११.२ कृषि वन विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि अनुसन्धान परिषद एवं गैरसरकारी संस्थाहरुमा स्वदेशी विदेशी विश्वविद्यालयहरुसँग सम्बन्धन गरी अनुसन्धान र शोध प्रबन्ध तयार गर्न सक्ने व्यवस्था गर्न जोड दिइने छ ।

८.११.३ मौरीपालन अनुसन्धानको निमित्त प्रस्तावित सबै सरकारी, अर्धसरकारी एवं गैर सरकारी संस्थाहरुमा आवश्यक साधन र सुविधाको विकास गर्न जोड दिइने छ ।

८.११.४ नेपाल कृषि अनुसन्धान तथा विकास कोष अन्तरगत प्रस्तावहरु माग हुदा मौरीपालनमा आवश्यक अनुसन्धानको लागि विशेष प्राथमिकता दिन जोड दिइने छ ।

**८.१२. जनशक्ति विकास**

८.१२.१ मौरी रोग, मौरी प्रजनन, मौरी व्यवस्थापन, मौरीपालन प्रसार तथा तालिम, उत्पादन विकास, बजार व्यवस्थापन आदि विभिन्न पक्षमा दक्ष जनशक्तिको विकास गरिने छ । यस कार्यमा मौरी पालक कृषकहरुलाई बिशेष अवसरहरु उपलब्ध गराईने छ ।

८.१२.२ कृषि अनुसन्धान परिषद तथा कृषि र बन विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा दक्ष जनशक्तिको विकास गरिने छ ।

८.१२.३ गैर सरकारी क्षेत्र र निजी क्षेत्रका औद्योगिक प्रतिष्ठानहरुमा मौरीपालनको विभिन्न क्षेत्रमा स्तरीय सेवा प्रदान गर्ने दक्षता विकास गर्न प्रोत्साहन गरिने छ ।

८.१२.४ मौरीपालन स्रोतकेन्द्रहरुबाट सेवा विस्तार गर्न तालिमका अवसर प्रदान गरी दक्षता बढाईने छ ।

८.१२.५ कृषि विभाग, कृषि अनुसन्धान परिषद, कृषि तथा पशु विज्ञान विश्वविद्यालय, कृषि वन विश्वविद्यालयको क्षमता अभिवृद्धि गर्ने खालका तालीम तथा पाठ्यक्रमको विकास गरिने छ ।

८.१२.६ कृषि सम्बन्धी व्यावसायिक शिक्षण प्रशिक्षण प्रतिष्ठानहरुमा मौरीपालन बिशेष पाठ्यक्रम निर्माण गरी समावेश गराउन सम्बद्ध निकायहरुसंग पहल गरिने छ ।

**उद्देश्य ७.२ सँग संवन्धित नीति र कार्यनीति**

**८.१३ महको गुणस्तर निर्धारण, प्रमाणीकरण र विषादि अवशेष नियन्त्रण**

८.१३.१ नेपाली प्राकृतिक महको प्रांगारिक विशेषताहरु परिभाषित र प्रमाणित गरी तिनको संरक्षण व्यवस्था गरिने छ ।

८.१३.२ महमा विषादि अवशेष, अन्तरपदार्थ (Inert material) गह्रौं धातुहरु (Heavy metals), एन्टीवायोटीक्स आदिको नियन्त्रण जस्ता अवशेष अनुगमन योजना (Residue Monitoring Plan) सग सम्बन्धीत कार्यक्रमहरु विकास गरी कार्यान्वयन व्यवस्था गरिनेछ ।

८.१३.३ अवशेष परीक्षण र प्रमाणीकरणका लागि मान्यता प्राप्त प्रयोगशालाको सेवा लिन सम्वद्ध निकायहरुसँग समन्वय गरिने छ ।

८.१३.४ मौरीपालक तथा मह कारोवारीहरुलाई अन्तर्राष्ट्रिय समुदाय र बजारका गुणस्तर मापदण्ड, असल मौरीपालन अभ्यास (Good Beekeeping Practices) एवं शर्तहरुका सम्बन्धमा समुचित प्रशिक्षण दिईने छ ।

८.१३.५ नेपाली महको वर्तमान स्तरमान (Standard) तयार गरी परागको आधारमा व्यावहारिक र यथार्थ परक बनाईने छ ।

## ८.१४. मह को वजारिकरण ब्यवस्थापन

८.१४.१ नेपाली महमा लाग्ने कर न्यूनिकरण र सरलिकरणका लागि पहल गरिने छ ।

८.१४.२ भन्सार महशुल वृद्धि गरी विदेशी मह आयातलाई ब्यवस्थापन गरिने छ ।

८.१४.३ उत्पादकत्व वृद्धि, गुणस्तर र उत्पादन लागत कम गराई नेपाली महको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापारिक प्रतिस्पर्धता बढाउने प्रयास गरिने छ ।

८.१४.४ राष्ट्रिय अन्तर्राष्ट्रिय मेला, प्रदर्शनीहरुमा नेपाली–हिमाली मह, अर्गानिक मह, विशेष प्रकारका मह तथा गोलाको प्रदर्शन गराउनेतर्फ प्रोत्साहन गरिने छ ।

८.१४.५ नेपाली महको पहिचान हुने गरी गुणस्तर ब्यवस्थापन ट्रेड मार्क तथा साझा लोगोको विकास गरिने छ ।

८.१४.६ जंगली मौरीको मह काढ्दा मौरी पर्यटन (Bee Tourism) को प्रवर्द्धन हुने खालका कार्यक्रमको निर्माण गरिने छ ।

## ८.१५. स्तरीयकरण अनुगमन र नियमन

८.१५.१ मौरीपालनका विभिन्न स्तर र क्षमता परिभाषित गर्ने ब्यवस्था मिलाईने छ ।

८.१५.२ प्राकृतिक र प्रशोधित महको परिभाषा र गुणस्तर (Standard) को समिक्षा र आवस्यकता अनुसार परिमार्जन गरिने छ ।

८.१५.३ यसरी निर्धारण गरीएका आधार तथ्यांकस्तर तथा मापदण्डहरु (Standards & Specifications)सरकारी निकाय लगायत अन्य सबै सम्वद्ध सरोकारवालाहरु समक्ष प्रसार र अनुगमन गरिने छ । अनुगमन गर्दा गुणस्तरका मापदण्डहरु, अवलम्वन गरेका आधारहरु, अभिलेख र प्रयोगशाला परिक्षणलाई समेत ध्यानमा राखिनेछ ।

८.१५.४ मौरीघार, उपकरण निर्माण उद्योग र मौरीपालन स्रोत केन्द्रहरुको र उत्पादीत सामाग्री समेतको निश्चीत मापदण्ड बनाई सो मापदण्ड अनुसारका श्रोतकेन्द्रहरुले जिल्ला कृषि विकास कार्यालय वा मौरीपालन शाखा कार्यालयहरुको सिफारिसमा व्यावसायिक कीट विकास निर्देशनालयमा दर्ता तथा नविकरण गराएर मात्र कारोबार गर्न पाउने व्यवस्था गरिने छ ।

## उद्देश्य ७.३ सँग संवन्धित नीति र कार्यनीति

## ८.१६ परागसेचनकोलागि मौरी परिचालन तथा ब्यवस्थापन

८.१६.१ कृषकहरुमा परागसेचनको महत्व र मौरीको उपादेयता बोध गराउन बिशेष प्राथमिकता दिईने छ ।

८.१६.२ बालीनालीमा फूल फुलेको बेला कीटनाशक विषादि छर्नु वाली उत्पादक र मौरीपालक कृषक दुवैलाई हानिकारक हुन्छ भन्ने चेतनाको बिकास गराउने खालका कार्यक्रमलाई प्राथमिकता दिईने छ ।

८.१६.३ वागवानी फार्म तथा फलफूल खेती कृषकहरु सबैलाई मौरी प्रयोगमा ल्याउन प्रोत्साहित गरिने छ ।

८.१६.४ मौरी मित्र जीव भएकोले यसको बचावट र संरक्षण गर्न कृषकहरुलाई जागरुक गराउने खालका कार्यक्रमलाई प्राथमिकता दिईने छ ।

८.१६.५ परागसेचनको आवश्यकता, यसको महत्व र उपादेयता सम्बन्धी अध्ययन अनुसन्धानको क्रममा मह नपार्ने मौरी, जंगली मौरी र अन्य परागसेचीसँगको प्रतिस्पर्धा हुने तवरबाट अगाडि बढाईने छ ।

## उद्देश्य ७.४ सँग संवन्धित नीति र कार्यनीति

## ८.१७ .आर्थिक तथा सामाजिक रुपले पिछडिएका वर्गको मूल प्रवाहिकरण

८.१७.१ आर्थिक तथा सामाजिक रुपले पिछडिएका (महिला, दलित, आदिवासी, अपांग आदि) कृषक समुह र वर्गहरुलाई समूहगत रुपमा मौरीपालन अपनाउन बिशेष तवरले प्रोत्साहित गरिने छ ।

८.१७.२ मौरीपालन सम्बन्धी तालिम, शैक्षिक भ्रमण एवं अन्य प्रसार र संगठनात्मक कार्यक्रमहरुमा पिछडिएका वर्गको सहभागिता सुनिश्चित गरिने छ ।

८.१७.३ महिला तथा पिछडिएका वन्चित वर्गका लागि विशेष कार्यक्रम प्याकेज ल्याईने छ जसमा थप सहुलियत र प्रोत्साहन हुने छन् ।

८.१७.४ जंगली अवस्थामा रहेको मह शिकारको चेतना जगाई व्यवस्थित तवरबाट मह शिकार गरी मौरी पर्यटनलाई चाडको रुपमा ग्रहण गरी अगाडि बढाउने ।

## ८.१८ संस्थागत विकास

८.१८.१ महिला एवं पिछडिएका वन्चित बर्गलाई संस्थागतरुपमा संगठित गर्ने, मौरीपालन श्रोतकेन्द्रहरुको स्तर वृद्धि गर्ने र उनीहरुकोलागि सेवा तथा आपूर्तिलाई सुदृ्ढ गराउने खालका कार्यक्रमलाई प्राथमिकता दिईने छ ।

८.१८.२ मौरीपालनको सर्वोपरी विकासको निमित्त प्रमुख उत्पादन क्षेत्रहरुको सहज पहुंचमा मौरी रोग निदान र व्यवस्थापन सहितका मौरी पालन कार्यालयहरु बिस्तार गरिने छ ।

८.१८.३ कार्यरत मौरीपालन श्रोतकेन्द्रहरुको मूल्यांकन गरी आवश्यकता अनुकुल स्तर वृद्धि गरिने छ ।

८.१८.४ पिछडिएका वर्गका मौरीपालकहरुलाई समूह/सहकारी/संघमा संगठित गरी विशेष कार्यक्रम प्याकेज दिईने छ ।

८.१८.५ मौरी प्रवर्द्धनको लागि आवश्यक पर्ने कार्यक्रमहरुको कार्यान्वयन र विस्तार गर्दा एकद्वार प्रणाली मार्फत सम्बन्धित निकायमा पठाउने र कार्यान्वयन गराउने व्यवस्था मिलाईने छ ।

८.१८.६ जिल्लाको चरिचरन क्षेत्र सम्भाव्यता तथा आवश्यकताको आधारमा जिल्लाका मौरी पकेट क्षेत्रहरु छनौट गरी मौरीको मूल्य श्रृङ्खलाको आधारमा क्लष्टर निर्माण गरी महिला, युवा एवं पिछडिएका बर्गलाइ प्रोत्साहन हुनेगरि लक्षित कार्यक्रम निर्माण गरि अनुदानको व्यवस्था गरिने छ ।

## ९.संस्थागत संरचना

सरकारी, निजी तथा सहकारीको साझेदारी अवधारणा (Public Private Partnership) अनुसार हाल मौरीपालन तथा मौरीजन्य उत्पादन बिकास कार्यक्रममा प्रत्यक्ष वा परोक्ष तवरले कृषक, सहकारी सघ सस्थाहरुलाइ समेटने गरि मौरीपालन सेवा बिस्तार तथा मौरीजन्य उत्पादन बिकास सम्बन्धी मौरी प्रवर्द्धन निर्देशक समिति गठन गर्न सकिनेछ । निर्देशक समितिको सिफारिसमा मौरी प्रवर्द्धन नीतिमा आवस्यकता अनुसार समय सापेक्ष परिमार्जन गर्न सकिने छ ।

## १०. आर्थिक पक्ष

यो नीति र यस नीति वमोजिम मौरपिलनको क्षेत्रका कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार वा विदेशी संघ संस्थाहरुको तर्फवाट प्राप्त हुने अनुदानमा सरकारी बजेट प्रणाली मार्फत बजेटको माध्यमबाट व्यवस्थापन गरीने छ मौरीपालन तर्फ युवाहरुको आकर्षण बृद्धि भएकोले युवा लक्षित कार्यक्रमका लागि विशेष बजेटको व्यवस्था गरिने छ ।

## ११.कानुनी व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवस्यकता अनुसार ऐन, नियम तथा निर्देशिका, कार्यविधि वा मापदण्डहरु तर्जुमा गरिने छ ।

## १२.अनुगमन र मूल्याङ्कन

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि अनुगमन र मूल्याङ्कनमा संस्थागत संरचनामा उल्लेखित सरकारी कार्यालयहरु तथा अन्य सरोकारवाला संघ संस्थाको संलग्नतालाई सुनिश्चित गरि सहभागितात्मक एवं समन्वयात्मक पद्धतिलाई वढावा दिईने छ । अनुगमन र मूल्याङ्कनमा संयोजनको भूमिका कृषि विकास मन्त्रालय वा यसले तोके वमोजिमको सरकारी निकायले गर्ने छ ।

## १३. जोखिम

यस नीतिको प्रभावकारी कार्यान्वयनवाट महको उत्पादन तथा उत्पादकत्व बृद्धि, परागसेचन कृया प्रवर्द्धन भै वाली उत्पादनमा बृद्धि हुने तथा वातावरण संरक्षणमा सहयोग हुनेहुनाले जोखिम हुने देखिदैन ।

## १४. बाधा अड्काउ फुकाउने

यस नीतिको कार्यान्वयनको सिलशिलामा कुनै बाधा अड्काउ परेमा वा समस्या उत्पन्न भएमा कृषि विकास मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्ने छ ।